# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग १, संख्या २, मिति २०८१ साउन ३ गते


**भाग-१**

**तिनाउ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## तिनाउ गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः** आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन आवश्यक भएकोले तिनाउ गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम **"विनियोजन ऐन २०८१"** रहेको छ ।
(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि लागू हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/८२ को निमित्त स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक बर्ष २०८१/८२ को निमित्त अनुसूची मा उल्लेख भए बमोजिम स्थानीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचीमा उल्लिखित चालू खर्च र अनुसुचीमा उल्लिखित पूँजीगत खर्च गरि जम्मा रकम रु **५४,२०,८४,५००.००/-** अक्षरेपी **चउन्न करोड बिस लाख चौरासि हजार पाँच सय मात्र** र मूल कोषमा अन्य जुनसुकै स्रोतबाट प्राप्त भइ शीर्षक तोकिएकोमा तोकिए बमोजिम र नतोकिकोमा गाउँ

कार्यपालिकाको निर्णय भन्दा नबढ्ने गरी मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानिय सञ्चीत कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा स्थानिय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८१/८२ को निमित्त अनुसूचीमा उल्लिखित कार्यहरुको निमित्त बजेट विनियोजन गरिनेछ।
(२) उपदफा (१) बमोजिम अनुसूचीको विभिन्न शिर्षकमा सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा नपुग हुने देखिन आएमा कार्यपालिका बैठकले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एकभन्दा बढि शिर्षकबाट अर्को एक वा एकभन्दा बढि शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

क. एउटै शिर्षकको बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

ख. चालुबाट पूँजिगत शीर्षकमा रकम कार्यपालिकाबाट चालु शीर्षकमा सार्दा गाउँसभाबाट सार्न सकिने छ ।

ग. पूँजीगत बाट चालु शीर्षकमा रकमान्तर गर्न गाउँसभाका बहुमत सदस्यको स्विकृत आवश्यक पर्ने छ ।

४. समपुरक कोष वापत छुट्याइएको रकम सोही शिर्षकमा खर्च हुन नसक्ने भएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च गर्न सकिने छ ।

५. **वित्तिय अनुशासन सम्बन्धी व्यवस्था:**(१)यस गाउँपालिकाले उठाएको राजश्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान लगायतका बजेट बक्तब्य संगै आउने अनुसुचि अनुसारका चालु र पुँजिगत शिर्षक र उप शिर्षकहरुमा खर्च गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम खर्च गर्दा देहायका कुराहरु पालना हुने गरि गरिने छ ।

क. संघिय सरकारको आर्थिक र वित्तिय निति अनुशरण गर्ने ।

ख. सबै आय आफ्नै सञ्चित कोषमा दाखिला गर्ने ।

ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने

घ. पुँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तरनगर्ने ।

ङ. आय व्ययको वर्गीकरण तथा लेखाङ्कन संघिय सरकारले निर्धारण गरे बमोजिम राख्ने ।

६. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रहि खर्च गर्ने अख्तियारी यो ऐन प्ररम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अधिकारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँपालिकालाई अनुदान तथा अन्य विनियोजित भएको रकम निकासा दिनेछ

७. **<u>कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न तिनाउ गाउँपालिका, गाउँकार्यापालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड तिनाउ राजपत्रमा प्रकाशन गरिनेछ

८. **<u>आदेश जारी गर्न सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश तिनाउ राजपत्रमा प्रकाशन गरिनेछ ।

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | | गाउँकार्यपालिका | ३७,२२,१५,३००.०० | १६,९७,८९,२००.०० | ५४,२०,८४,५००.०० |
| २ | | वडा समिति | | | |
| ३ | | विषयगत शाखा | | | |
| ४ | | ऋणको सावाँ व्याज भुक्तानी | | | |
| | | **कुल जम्मा** | | | |

**प्रमाणीकरण मिति : २०८१/०३/३०**

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका